

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क २७२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ कार्तिक ३ गते शनिबार ❑ 19 Oct. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-


## रवि लामिछाने पक्राउ

**पोखरापत्र संवाददाता**
पोखरा, २ कार्तिक

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सभापति रवि लामिछानेलाई पोखराको सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्थाको रकम अपचलनमा संलग्न भएको आरोपमा थप अनुसन्धान गर्न प्रहरीले शनिबार पक्राउ गरेको छ।

उहाँलाई जिल्ला अदालत कास्कीको अनुमतिमा प्रहरीले पक्राउ गरेको हो। सभापति लामिछानेलाई अनुसन्धानका लागि कास्की ल्याइने नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता एवं प्रहरी नायब महानिरीक्षक दानबहादुर कार्कीले जानकारी दिनुभयो।

उक्त सहकारी संस्थाको रु एक अर्ब ५० करोड ९० लाख ३० हजार पाँच सय तीन अपचलन भएको प्रहरी अनुसन्धानबाट खुलेको छ । जिल्ला प्रहरी कार्यालय कास्कीका अनुसार विसं २०७२ देखि नै उक्त सहकारीको रकम अपचलन हुँदै आएको थियो । रकम अपचलनका मुख्य आरोपी सहकारीका संस्थापक अध्यक्ष



गितेन्द्रबाबु (जिबी राई)सँग मिलेर गोर्खा मिडिया नेटवर्कमा रकम ल्याएर अपचलन गरेको आरोपमा सभापति लामिछानेमाथि यसअघि कास्की जिल्ला अदालतमा मुद्दा परेको थियो । सोही मुद्दाका अर्का आरोपी छविलाल जोशी पनि अनुसन्धानका क्रममा प्रहरी हिरासतमा हुनुहुन्छ । सहकारी ठगीका मुख्य आरोपी राई भने अझै फरार हुनुहुन्छ । सूर्यदर्शन सहकारीपीडित सङ्घर्ष समितिले पूरक अनुसन्धान गरिपाउँ भन्दै विसं २०८० माघमा जिल्ला प्रहरी कार्यालय कास्कीमा निवेदन दिएका थिए । उन्नाइस जनालाई प्रतिवादी बनाएर मुद्दा दायर गरिएकामा पूर्वसञ्चालक शिवबहादुर गुरुङ, भविश्वर अर्याल, कोषाध्यक्ष कुमार रम्तेल, पूर्वउपाध्यक्ष कैलाश दर्लामीलगायत पूर्पक्षका लागि थुनामा छन् । राईसहित उहाँका दाजु भूपेन्द्र, व्यवस्थापक थानबहादुर बुढा, सञ्चालक धीरजकुमार दास, हेमन्त अधिकारीलगायत अझै फरार छन्। सहकारीको रकम अपचलन सम्बन्धमा बनेको संसदीय छानबिन विशेष समितिले पनि सभापति लामिछानेसहितलाई सहकारीको बचत रकम अपचलनमा संलग्न रहेको भन्दै कारबाहीका लागि सिफारिस गरेको थियो । लामिछानेलाई सहकारी ठगी तथा सङ्गठित अपराधसम्बन्धी मुद्दामा अनुसन्धान हुने जनाइएको छ । जिल्ला प्रहरी कार्यालय कास्कीका अनुसन्धान अधिकारी प्रहरी नायब उपरीक्षक वसन्तकुमार शर्माले नेपाल प्रहरी प्रधान कार्यालय केन्द्रीय अनुसन्धान ब्युरोलाई गर्नुभएको पत्राचारमा कृष्णप्रसाद जैसीसमेतको जाहेरी तथा प्रहरी प्रतिवेदनले वादी नेपाल सरकार प्रतिवादी सूर्यदर्शन बचत तथा ऋण सहकमारी संस्था लि पोखराका पूर्वअध्यक्ष एवं सञ्चालक गितेन्द्रबाबु राईसमेत भएको सहकारी ऐनले परिभाषित ठगी तथा सङ्गठित अपराधसम्बन्धी मुद्दा अनुसन्धानका सिलसिलामा सम्मानित कास्की जिल्ला अदालतबाट आजै पक्राउ अनुमति जारी भएको उल्लेख गर्दै लामिछानेलाई पक्राउगरी यस कार्यालयमा पठाइदिन अनुरोध गरिएको थियो।

## मातृ तथा पेरिनेटल मृत्यु निगरानी र प्रतिकार्य समितिको बैठक

**पोखरापत्र संवाददाता**
पोखरा, २ कार्तिक

पोखरा महानगरपालिकामा गत आर्थिक वर्ष २०८०/८१ मा ५ जनाको मातृ मृत्यु (गर्भवती भएदेखि सुत्केरी भएको ४५ दिनसम्मका) भएको छ । विभिन्न कारणले गर्भवतीदेखि सुत्केरी भएको ४५ दिनसम्मका महिलाहरुको मृत्यु हुने गरेको पोखरा महानगरपालिका स्वास्थ्य महाशाखाका नर्सिङ निरिक्षक सबिना श्रेष्ठले जानकारी दिइन्। उनका अनुसार कास्की जिल्लामा ९ जना मातृ मृत्यु भयो भने ती मध्य ५ जना पोखरा महानगरका भएको बताइन्।

उनका अनुसार चालु आर्थिक वर्ष २०८१/८२ को साउन यता एक जनाको महिलाको मृत्यु भएको छ । पोखरा महानगरमा आर्थिक वर्ष २०८०/८१ म ६ हजार महिला सुत्केरी हुन्छन् भन्ने अनुमान गरिएकोमा १० हजार ८ सय २० जना सुत्केरी भए। उनले दिएको जानकारी अनुसारपोखरा-१६ की २५ वर्षिय निलम पुन, पोखरा १४ की ३५ वर्षिय रुपा लामा, पोखरा ३० की १८ वर्षिय सम्झना विक, पोखरा ८ की रोशनी क्षेत्री र पोखरा २९ की सावित्री सुनारको मृत्यु भएको हो। पुन र लामाको अप्रेशन गरी बच्चा निकाले पश्चात जटिलता भएपछि मृत्यु बताइएको छ। गर्भवती अवस्थामा सम्झना विकको घर नजिकैको बारीबाट



लडेर मृत्यु भएको हो। रोशनीको आफैले पेट्रोल खन्याएर आगो लगाएको र सुनारले कुलोमा माछा मार्ने क्रममा करेन्ट लागेर मृत्यु भएको हो।

विभिन्न कारणले हुने मातृ मृत्यु दर न्यूनिकरण गर्ने उद्देश्यले स्थानीय तहमा उपप्रमुखको संयोजकत्वमा मातृ तथा पेरिनेटल मृत्यु निगरानी र प्रतिकार्य समिति रहने र उक्त समितिले मातृ मृत्यु हुनुको कारण बारे छलफल गर्दै समुदायमा कार्यक्रम सञ्चालन गर्ने गरी नेपाल सरकार स्वास्थ्य मन्त्रालयले कार्यविधि बनाएर उपप्रमुखको संयोजकत्वमा समिति रहने ब्यवस्था गरेको छ। पोखरा महानगरपालिका उप्रमुख मञ्जुदेवी गुरुङको अध्यक्षतामा शुक्रबार बसेको समितिको बैठकमा समितिका सदस्यसचिव समेत रहेकी महानगर नर्सिङ निरिक्षक सविना श्रेष्ठले मातृ मृत्यु दर न्युनिकरणका र २८ हप्ताको गर्भदेखि जन्मेको एक हप्ता सम्मको नवजात शिशुको मृत्यु दर घटाउने र आमा तथा शिशुको सुरक्षा बारे जनचेतनामुलक कार्यक्रम सञ्चालनका लागि बैठकले कार्ययोजना बनाउने निर्णय गरेको बताइन्।

उनका अनुसार पहिलो प्राथमिकता आमा तथा शिशुको सुरक्षा ध्यान दिने गरी कार्यक्रम जनसमुदायमा पुऱ्याउने गरी योजना बनाई कार्यक्रमहरु सञ्चालन गर्ने बताइन। उनले मातृ मृत्युलाई कम गराउन स्वास्थ्यकर्मीलाई क्षमता अभिबृद्धि गर्ने र पूर्वाधार युक्त बनाउन जनशक्ति थप गर्नुपर्ने कार्यमा समितिले पहल गर्नुपर्ने बताइन् । गभर्वती महिलाको मृत्यु हुने वित्तिकै त्यसको बारेमा अध्ययन गर्ने चिकित्सकले के कारण


बाँकी अन्तिम पृष्ठमा ▶▶


## १५ औँ महाधिवेशनमा सभापतिमा उठ्छु, 'कन्फ्युजन' मा नपर्नु होला : नेता कोइराला

**रासस**
काठमाडौं, २ कार्तिक

नेपाली कांग्रेसका नेता शेखर कोइरालाले १५ औँ महाधिवेशनमा आफू सभापति पदमा उठ्ने कुरामा कुनै 'कन्फ्युजन' मा नपर्न नेता एवं कार्यकर्तालाई आग्रह गर्नुभएको छ।

विराटनगरस्थित कोइराला निवासमा शुक्रबार मधेस प्रदेशका नेताहरूसँग भएको भेटघाटमा नेता कोइरालाले भन्नुभयो, "अब जित्नकै लागि सभापतिमा उठ्ने हो र पार्टीमा गुमेको साख फर्काउने हो । त्यसको लागि तपाईंहरू आ-आफ्नो कार्यक्षेत्रमा खटिनुहोस् ।" नेता कोइरालाले जतिसुकै कोशिस गरेपनि पार्टी सङ्गठन सुदृढीकरण र कार्यकर्ताहरूलाई न्याय गर्ने कुरामा आफूले भनेजति काम गर्न नसकेको स्वीकार गर्नुभयो। उहँले नेतृत्वमा नपुगी केही गर्न नसकिने रहेछ भन्ने निष्कर्षमा आफू पुगेको स्पष्ट पार्नुभयो।

विसं २०८२ मङ्सिर भित्रै पार्टीको महाअधिवेशन हुनुपर्नेमा जोड दिँदै नेता कोइरालाले समयमै महाधिवेशन हुन नसके सिङ्गो कांग्रेस पार्टी नै धरासयी बन्ने भएकाले समयमै महाधिवेशन गराउने कुरामा लाग्न जिल्ला-जिल्लाका नेताहरूलाई निर्देशन दिनुभयो।

## गण्डकी प्रदेशको प्रगतिशील साहित्यबारे बहस

**पोखरापत्र संवाददाता**
पोखरा, २ कार्तिक

प्रगतिशील लेखक सङ्घ, गण्डकी प्रदेशले 'गण्डकी प्रदेशमा प्रगतिशील साहित्य' विषयक विचार गोष्ठी पोखरामा सम्पन्न गरेको छ।

वामपन्थी बुद्धिजीवी तथा लेखक रामराज रेग्मीद्वारा प्रस्तुत गोष्ठीपत्रका आधारमा भएको छलफलमा गण्डकी प्रदेशको प्रगतिशील साहित्यबारे खोज र अनुसन्धान व्यापक रूपमा हुनुपर्नेमा सहभागीहरूले जोड दिए।

रेग्मीले मजदुर, किसान, महिला र अन्य उत्पीडित जनसमुदायको मुक्तिको उद्देश्यले सिर्जना गरिएको साहित्य नै प्रगतिशील साहित्य भएको धारणा राखे। "वर्गीय समाजमा प्रगतिशील साहित्य सबै वर्गको हितमा लेखिन्न।

वर्ग दृष्टिकोणसँग गाँसिने सवाल भएकाले यसले वर्गीय पक्षधरता अँगाल्दछ" उनले भने, "त्यसकारण





जुन साहित्यकारले सर्वहारा पक्षधरतालाई आत्मसात गर्दैन र जसले उत्पीडित जनताको मुक्तिको दर्शन मार्क्सवादलाई स्वीकार्दैन, त्यो प्रगतिशील साहित्यकार हुन सक्दैन र त्यसले प्रगतिशील साहित्यको सिर्जना पनि गर्न सक्दैन ।" जनताको गरिबी, दासता, दुःख, पीडा, छटपटी आदिलाई उजागर गर्ने र उत्पीडनको विरोध गर्ने विषयवस्तु मात्र प्रगतिशील साहित्य नभई त्यसमा मुक्तिको दिशाबोधसमेत गरिएको हुनुपर्ने उनको भनाइ थियो।

देशको वाम राजनीतिक आन्दोलन फुट र विभाजनबाट गुज्रिएकाले त्यसको उप्रभाव प्रगतिशील साहित्यको क्षेत्रमा पनि परेको रेग्मीले बताए । गण्डकीमा साङ्गठनिक दृष्टिले प्रगतिशील साहित्यको अपेक्षित विकास हुन नसकेको उनको टिप्पणी थियो।

गोष्ठीपत्रमाथि टिप्पणी गर्दै प्रा. डा. यदुनन्दन उपाध्यायले गोष्ठीपत्रले गण्डकीको प्रगतिशील साहित्यबारे आम मानिसमा चासो बढाउन सहयोग गरेको धारणा राखे। गोष्ठीपत्रमा समेट्नुपर्ने थुप्रै विषयवस्तु छुटेको बताउँदै उनले सहभागीको सुझावलाई ध्यानमा राखेर गोष्ठीपत्रलाई अन्तिम रूप दिनुपर्ने बताए।

प्रलेस, गण्डकीका अध्यक्ष यादवराज उपाध्यायको अध्यक्षतामा भएको कार्यक्रममा प्रलेसकी केन्द्रीय सदस्य कल्पना ढकाल, कवि रमेश श्रेष्ठ, गण्डकी प्रज्ञा प्रतिष्ठानका कुलपति सूर्य खड्का 'बिखर्ची', पोखरा प्रज्ञा प्रतिष्ठानका कुलपति पदमराज ढकाल, संघका गण्डकी प्रदेशका निवर्तमान अध्यक्ष लोकबहादुर थापा, मार्क्सवादी अध्ययन स्रोत केन्द्रका अध्यक्ष झलकपाणि तिवारी, ऱ्यान्डम रिडर्स सोसाइटीका सचिव नेपालप्रकाश अधिकारी, साहित्यकार शेषमणि आचार्य, नुमराज बराल, स्ट्रगल राना, छवि सुवेदी, बाबुराम पन्त, यमबहादुर पौडेल क्षेत्री, राजेन्द्र तिवारी, विकास लुङ्गेली, कालिदासलगायतले शुभकामना तथा सुझाव दिएका थिए । कार्यक्रमको सञ्चालन कोषाध्यक्ष निर्मल सापकोटाले गरेका थिए।

# फेवातालमा फसेकालाई सशस्त्र प्रहरीद्वारा उद्धार

**पोखरापत्र संवाददाता**
पोखरा, २ कार्तिक

पोखराको फेवातालको बिच भागमा फसेकालाई शुक्रबार सकुशल उद्धार गरिएको छ।

शुक्रबार दिउँसो करिब ३:३५ बजे आएको हावाहुरी, बतास सँगै पानीको छाल आई दुई वटा स्ट्याण्डी बोर्ट र एउटा प्याडल बोर्ट मा सवार ७ जना फेवातालको बिचमा फसेकाहरुलाई सशस्त्र प्रहरी बल कालिका गण अर्न्तगत फेवातालमा रहेको एपीएफ रेस्क्यु टावरमा खटिएको विषेश विपद् व्यवस्थापन तथा उद्धार टोलीले उद्धार(रेस्क्यू) गरेको कालिका गणका गणपति (एसपी) अरुण कुमार शर्माले बताउनु भयो । स्मरण रहोस विहीबार उक्त टोलीले दुई जनाको तालबाट उद्धार गरेको थियो।

डुङ्गामा सवार हुनु भएको चितवन भरतपुर बस्ने २८ बर्ष २८ का रिजन श्रेष्ठ, काठमाण्डौ बानेश्वर बस्ने ३१ वर्ष की अर्चना भट्टराई, ललितपुर भैंसीपाटी बस्ने २२ वर्षका समिर शेर्पा, भैसीपाटीकै १९ बर्षका सफल थापा मगर, सोही स्थानका २२ वर्षका आयुष थापा मगर, भैसीपाटीकै ३० बर्ष का कृष्ण सुनार, र सोही ठाउँकै २२ बर्षका प्रशान्त लामा रहेको एसपी शमौले जनाउनु भयो।

उक्त टोलीले विहिबार हावाहुरीका कारण तालको बिच भागमा खड्किएका रुपन्देही देवदह न.पा.११ घर भई काठमाण्डौ तोखार न.पा. बस्ने २२ वर्षका मनिष विश्वकर्मा र रूपन्देहीको देवीनगर न.पा.११ बुटवल बस्ने २२ वर्षकी प्रिति सुनारलाई उक्त टोलीले उद्धार गरेको थियो । उहाँहरु काठको डुङ्गा भाडामा लिई फेवातालमा सवार गर्नु भएको थियो।

फेवा डुंगा व्यवसायी संगठनले अनिवार्य रुपमा फाइफ ज्याकेटको व्यबस्था गरेको कारण बेमौसममा आएको हावा हुरीका कारण तालमा अडकिएकाहरुलाई उद्धार गर्न सहज भएको संगठनका अध्यक्ष बलराम गिरीले बताउनु भयो।

# मातृ तथा ...

मृत्यु भयो भन्ने बारेमा पत्ता लगाउने र समिति समक्ष प्रतिवेदन प्रस्तुत गरेपछि आगामी कार्ययोजना तयार बैठकले गर्ने नर्सिङ निरिक्षक श्रेष्ठले बताइन् । मातृ तथा पेरिनेटल मृत्यु निगरानी र प्रतिकार्य कार्यक्रमको संयोजकमा पोखरा महानरपालिका उपप्रमुख मञ्जुदेवी गुरुङ संयोजक, सदस्यहरुमा पोखरा महानगरका प्रमुख प्रशासकीय अधिकृत शिवराज चौलागाई, स्वास्थ्य महाशाखा प्रमुख भरतराज पौडेल, सामाजिक विकाश महाशाखा प्रमुख निर्मला शर्मा, निजि अस्पतालहरुको प्रतिनिधिबाट चिकित्सक डा. ऋचा श्रेष्ठ, कजएसाइन्मेन्ट चिकित्सक डा. डेला सिंह सदस्य रहेका छन् भने सदस्यसचिवमा पोखरा महानगरपालिका स्वास्थ्य महाशाखा नर्सिङ निरिक्षक सविना श्रेष्ठ सहित सात सदस्यीय समिति रहेको छ।

पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानका प्रसुती तथा स्त्री रोग विभागका प्रमुख डा.डेला सिंहले पोखरा महानगर क्षेत्रमा गर्भपन गराउन सुचिकृत स्वास्थ्य संस्था बाहेक अन्य ठाँउबाट गर्न नहुने बताइन् । उनले स्वास्थ्य संस्थामा अनुगमन गर्नुपर्नेमा जोड दिदै अझै पनि जनचेतनामुलक कार्यक्रमको खाँचो रहेको औल्याइन । बैठकमा गर्भवती महिलाहरुलाई जाँच गर्दा फरक फरक कार्ड दिने गरिएको भन्दै त्यसलाई एउटै बनाउदाँ गर्भवतिको अभिछिन्न हेरचाहमा गुणस्तरीय सेवा प्रदान गर्न सहज हुने नर्सिङ निरिक्षक सविना श्रेष्ठले बताइन् । नीजि स्वास्थ्य संस्थाको प्रतिनिधित्व गरेकी गण्डकी मेडिकल कलेजका चिकित्सक डा. ऋचा श्रेष्ठले जनशक्तिको अभावले सेवा प्रवाहमा समस्या रहेको बताउदै जनशक्ति थप गर्नुपर्ने खाँचो औल्याइन् । नेपाल परिवार नियोजनका संघका प्रतिनिधि नवराज तिवारीले परिवार नियोजन सेवा कार्यक्रम विशेष गरी किशोरकिशोरीहरुसम्म विस्तार गर्नुपर्नेमा जोड दिए ।

पोखरा महानगरका उपप्रमुख मञ्जुदेवी गुरुङले मृत्युको कारण पत्ता लगाई त्यसको न्यूनिकरणमा सचेतना मुलक कार्यक्रम संचालन गनुपर्नेमा जोड दिइन् । उमेर पुगेपछि विवाह गर्नुपर्ने, बाल विवाहलाई रोक्नुपर्ने, किशोरी अवस्थामा गर्भ तथा गर्भपतनलाई निरुत्साहीत गर्नुपर्नेमा जोड दिइन् ।

# न्यायिक प्रक्रियालाई सघाउँछौँ : रास्वपा

**रासस**
काठमाडौं, २ कार्तिक

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले पार्टी सभापति रवि लामिछानेलाई पक्राउ गरेको घटनालाई 'नयाँ पुस्ताको राजनीतिक अभ्यास' लाई सिध्याउनका लागि चालिएको परिपञ्चका रुपमा लिएको प्रतिक्रिया दिएको छ।

पार्टी सभापति पक्राउ परेपछि प्रतिक्रिया दिँदै पार्टीका कार्यवाहक प्रवक्ता मनिष झाले पार्टी सभापति पक्राउ परेको घटनालाई जोडेर जनतालाई अप्ठ्यारो पर्ने तथा अर्थतन्त्रलाई हानी नोक्सानी पुग्ने खालका कुनै गतिविधि नगर्ने स्पष्ट पार्नुभयो । उहाँले भन्नुभयो, "प्रहरी, अदालत र कानुनप्रति हाम्रो कुनै द्वेष छैन, सहज रुपमा प्रक्रिया स्वीकार गरेका छौँ, न्यायिक प्रक्रियालाई सघाउँछौँ, यस घटनालाई भद्ररुपमा राजनीतिक परितर्वनको लडाइँ सुरुआतका रुपमा लिएका छौँ ।" सूर्यदर्शन सहकारीको रकम अपचलनमा संलग्न भएको आरोपमा उहाँविरुद्ध अनुसन्धानका लागि पक्राउ गर्न कास्की जिल्ला अदालतले नेपाल प्रहरीलाई अनुमति दिएको थियो। सभापति लामिछानेलाई पक्राउ गर्न पुर्जी लिएर प्रहरी टोली पार्टी केन्द्रीय कार्यालय आएको थियो । सूर्यदर्शन सहकारीको संस्थापक अध्यक्ष गीतेन्द्रबाबु (जीबी) राईसँग मिलेर लामिछानेले गोर्खा मिडिया नेटवर्कमा रकम ल्याएर अपचलन गरेको मुद्दा जिल्ला प्रहरी कार्यालय कास्कीले अनुसन्धान गरिरहेको छ।




बालबालिकालाई भिटामिन 'ए' र जुकाको औषधि खुवाइँदै : पोखरा महानगरपालिका वडा नं. १३ का बालबालिकालाई भिटामिन 'ए' र जुकाको औषधि खुवाउँदै महिला वडा सदस्य र स्वयंसेविका। नेपाल सरकारले देशभर शुक्रबार र शनिबार ६ महिनादेखि पाँच वर्षसम्मका बालबालिकालाई भिटामिन 'ए' र जुकाको औषधि खुवाउने कार्यक्रम रहेको छ। तस्बिरः पोखरापत्र

# पोखराको भकुण्डेमा शनिबार भक्ति कन्सर्ट हुने

**पोखरापत्र संवाददाता**
पोखरा, २ कार्तिक

पोखराको भकुण्डेमा रहेको पूर्ण योगा रिट्रिट र भक्ति ब्याण्डको आयोजनामा शनिबार पोखरामा भक्ति कन्सर्ट हुने भएको छ।

पूर्ण योग रिट्रीटको खुल्ला चौरमा हुने उक्त कन्सर्ट साँझ ६ बजे देखि बेलुका ९ बजेसम्म हुने गरी तयारी गरिएको पूर्ण योगा रिट्रिटका संचालक मनोहर श्रेष्ठले बताउनु भयो। लोक, रक र नेपाली संगीतमा कन्सर्ट हुने भएको छ । उहाँका अनुसार विदेशी कलाकार (जर्मनी नागरिक) ब्याटा सहित नेपाली कलाकार योगेस कार्की, सागर सहितका कलाकारको बिषेश प्रस्तुती रहने भएको छ। उक्त कार्यक्रममा सहभागिताको लागि साँझको मात्र कार्यक्रममा सहभागिताको लागि प्रति व्यक्ति ५ सय र दिन भरीको कार्यक्रममा सहभागि हुनेहरुको लागि प्रति व्यक्ति १ हजार ५ सय शुल्क निर्धारण गरिएको आयोजकले जनाएको छ।

उक्त कन्सर्टको साथमा विविध ध्यान, योग र सास अभ्यास सहितको पूर्णाको बगैंचाबाट फार्म टु टेबल शाकाहारी पौष्टिक खाना, हिमालयन सोल थेराप्युटिक्सः ध्वनि कम्पनहरूको शक्ति अनुभव गर्न सकिने भएको संचालक श्रेष्ठले बताउनु भयो । हाम्रो जीवन मेलामा हाम्रो व्यक्तिगत र सामूहिक चेतनाको विकास गर्ने उद्धेश्यले समग्र कल्याण अभ्यासहरू अनुभव गर्ने, र अद्भुत पवित्र ध्वनिहरू, आन्दोलन र संगीतको साथ भाइब गर्न पनि कार्यक्रमले थप मद्धत पुग्ने उहाँले विश्वास व्यक्त गर्नु भयो।

मानसिक स्वास्थ्य र मनोसामाजिक वकालत, शरीर-दिमाग-आत्मा कल्याण, जिम्मेवार पर्यटन, संरक्षण, र पर्यावरण सचेत समाज निर्माण जस्ता विषयहरूमा विकासशील चेतना वरिपरि जोडिन प्रोत्साहित गर्ने आफुहरुको अभियान रहेको संचालक श्रेष्ठले जनाउनु भयो।

# पोखरामा योगा महोत्सव सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, २ कार्तिक

पर्यटकीय नगरी पोखरामा नेपाल योगा महोत्सव २०२४ सम्पन्न भएको छ।

होटल संघ नेपाल र पोखराको भकुण्डेमा रहेको पूर्ण योगा रिट्रिटको संयुक्त आयोजनामा कार्तिक ३० गते उक्त महोत्सव आयोजना भएको हो।

यही कात्तिक ३ गतेसम्म उक्त महोत्सव संचालन हुने भने पनि प्राविधिक कारण वश केही देशका योग साधकहरुले पछिल्ले समयमा नआउने जनाएसगै केही विदेशी सहित आन्तरिक पर्यटक एवं पोखराका पर्यटन व्यावसायीहरुको सहभागितामा उक्त महोत्सव सम्पन्न गरिएको होटल संघ पोखरा , नेपालका अध्यक्ष लक्ष्मण सुवेदीले बताउनु भयो।

महोत्सवमा ५० विदेशी सहित कूल १ सय ७० जना सहभागी हुने अपेक्षा गरे पनि अन्तिम समयमा ९ देशका पर्यटकहरु नआउने गरी जानकारी गराएसंगै उक्त कार्यकम एकै दिनमा सम्पन्न गरिएको उहाँले जनाउनु भयो । बाढी पहिरो लगायतका कारण देखाउदै पर्यटकहरुले उक्त कार्यक्रममा अन्तिम समयमा नआउने जनाएको संघले जनाएको छ।

विभिन्न विधामा योगा कक्षाहरु सञ्चालन भएको होटल संघ नेपालका महासचिव एबं कार्यक्रमका सभापति साजन शाक्यले बताउनु भयो।

महोत्सव अवधिभर विश्वस्तरीय योग प्रस्तुतकर्ताहरु गुरु अन्तरयोगी चैतन्य केन्द्रका प्रकाश थापा ग्रामीनोमिनेटेड मनोज, पिटिर स्टेरियोस र चर्य नृत्य नाच गुरु प्रज्वल रत्न बज्राचार्य जस्ता विशेषज्ञहरुबाट योग र ध्यानको कार्यशालाहरु रहेको संघले जनाएको छ।

# आत्मसमीक्षासहित समृद्ध नेपाल निर्माणमा जुटौँ : अध्यक्ष दाहाल

**रासस**
काठमाडौं, २ कार्तिक

नेकपा (माओवादी केन्द्र) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले गम्भीर आत्मसमीक्षासहित सम्पूर्ण राजनीतिक दल समृद्ध नेपाल निर्माणमा जुट्नुपर्ने बेला आएको बताउनुभएको छ।

'वर्ल्ड हिन्दू इकोनोमिक फोरम नेपाल च्याप्टर'ले आज यहाँ आयोजना गरेको 'विजिनेस मिट २०२४' लाई सम्बोधन गर्दै अध्यक्ष दाहालले सामान्य व्यापारिक गतिविधि वा सानो आर्थिक वृद्धिले जनताको आवश्यकता पूरा गर्न नसकिने भएकाले अब गम्भीर आत्मसमीक्षासहित रुपान्तरणकारी परिवर्तनमा जोड दिनुपर्ने बेला आएको बताउनुभयो।

नेपाल लामो समयसम्म राजनीतिक परिवर्तनको आन्दोलनमा केन्द्रित भएकाले आर्थिक समृद्धितर्फ ध्यान जान नसक्नु अस्वाभाविक नभए पनि राजनीतिक परिवर्तन भएको धेरै वर्षसम्म पनि जनअपेक्षित प्रगति नहुनु चिन्ताको विषय भएको अध्यक्ष दाहालले उल्लेख गर्नुभयो । उहाँले अब कुनै पनि बहानामा आर्थिक समृद्धि र विकासलाई पछाडि पार्न नहुने बताउनुभयो । "अहिलेसम्मका कमजोरीको गम्भीर आत्मसमीक्षा गर्दै नयाँ सङ्कल्पका साथ देश निर्माणमा होमिनै पर्छ", उहाँले भन्नुभयो । मुलुक परिवर्तनका लागि राजनीति र विचारधारा आवश्यक भए पनि हरेक क्षेत्रमा हुने अति राजनीतिकरण नेपालको आर्थिक विकासका लागि बाधक रहेको औँल्याउँदै उहाँले राजनीतिक अस्थिरताबाट देशलाई मुक्ति दिएर आर्थिक समृद्धि तथा जनताको जीवनस्तर रुपान्तरणमा ध्यान दिनुपर्ने बेला आएको बताउनुभयो । अतिराजनीतिकरणबाट सीमित नेता कार्यकर्ता वा उनीहरुका नजिक रहेकाहरुले फाइदा लिए पनि जनता पछि पर्दारहेछन् भन्ने तथ्य भोगाइबाटै पुष्टि भएको उल्लेख गर्दै अध्यक्ष दाहालले भन्नुभयो, "हामीसँग साधन स्रोत, जनशक्ति, उद्योग व्यापारको अनुभवको कमी भएर होइन, अतिराजनीतिकरण र त्यसले सिर्जना गरेको अस्थिरताका कारण समृद्धि हासिल हुनु नसकेको हो भन्ने तथ्य स्वीकार गर्न अब हिच्किचाउनुपर्दैन । जबसम्म यो स्थितिको अन्त्य गर्न सकिँदैन, तबसम्म राम्रो साधन स्रोतको सही सदुपयोग गर्ने वातावरण बनाउन सकिँदैन।"


## डेंगीबाट कसरी बच्ने ?

- बिहान, दिउँसो तथा साँझको समयमा लामखुट्टेको टोकाईबाट डेंगी लाग्न सक्दछ।
- लामखुट्टेबाट बच्न पूरै शरिर ढाक्ने लुगा लगाऔं।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं।
- पानी राखेको भाँडालाई छोपेर राखौं।
- लामखुट्टे भगाउने उपाय अबलम्बन गरौं
- लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल–ढोकामा जाली लगाऔं।
- सुत्ने बेलामा झुल लगाएर सुतौं।
- कुना–काप्चामा किटनाशक औषधि छर्कने गरौं।
- कम्तीमा हप्ताको एक पटक एयर कुलर, पानी ट्यांकी, फूलदानी, गमलामा राखिएका प्लेटहरु राम्ररी सफा गरौं।


नेपाल सरकार
विज्ञापन बोर्ड

## कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाइसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्कः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्युरोड, सभामृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफसेट प्रेस, नयाँबजार, पोखरा।

# अनुसन्धान केन्द्रमा बाख्राको दूधबाट चिज उत्पादन

**पोखरापत्र संवाददाता**
दमौली, २ कार्तिक

तनहुँको बन्दीपुरस्थित बाख्रा अनुसन्धान केन्द्रले बाख्राको दूधबाट चिज उत्पादन गरेको छ। केन्द्रले गत आर्थिक वर्षमा छ सय १२ किलो चिज उत्पादन गरेको हो।

त्यस अवधिमा दुई सय किलो चिज उत्पादनको लक्ष्य रहे पनि लक्ष्यभन्दा बढी उत्पादन भएको केन्द्रका प्रमुख डा राजु कँडेलले जानकारी दिनुभयो । केन्द्रले सानन जातको बाख्राको दूधबाट चिज उत्पादन गरेको कँडेलले बताउनुभयो । केन्द्रले सानन जातको बाख्राबाट पाँच हजार सात सय ९१ लिटर दूध उत्पादन गरेको छ । त्यस अवधिमा दुई हजार लिटर दूध उत्पादनको लक्ष्य थियो । केन्द्रमा दूध र चिजका लागि सानन जातका बाख्राको माग उच्च रहेको कँडेलको भनाइ छ । उहाँले भन्नुभयो, "बाख्राको दूधमा ल्याक्टोजिन नहुने र प्रतिरोगी हुने भएकाले यसको माग उच्च छ। बाख्राको दूधबाट बनेको



चिजको माग पनि उच्च छ।" यहाँ उत्पादित बाख्राको चिजको माग काठमाडौँ र पोखरामा अत्यधिक रहेको छ, गाईवस्तुको दूधबाट बनेको चिजभन्दा बाख्राको दूधबाट बनेको चिज मिठो हुने भएकाले यसको माग उच्च रहँदै आएको छ", उहाँले भन्नुभयो।

केन्द्रले गत वर्ष १५ जिल्लामा सानन जातका बाख्रा वितरण गरेको थियो। चार जिल्लामा बारबारी र ११ जिल्लामा खरी जातका बाख्रा वितरण गरिएको जनाइएको छ। केन्द्रबाट खरी, सिन्हाल, बारबरी, जमुनापारि क्रस, शुद्ध बोर, बोर क्रस, शुद्ध सानन र सानन क्रस बाख्राका पाठापाठी उत्पादन गरिएको छ। कँडेलका अनुसार बारबारीका छ पाठापाठी उत्पादन लक्ष्य राखिएकामा छ, सिन्हालका चार पाठापाठी उत्पादन लक्ष्य राखिएकामा १२, शुद्ध बोरका ८० पाठापाठी उत्पादन लक्ष्य राखिएकामा ५९, शुद्ध बोरका ८० पाठापाठी लक्ष्य उत्पादन राखिएकामा ५९, बोर क्रसका एक सय ७३ पाठापाठी उत्पादन लक्ष्य राखिएकामा एक सय ५९, शुद्ध साननका १५ पाठापाठी उत्पादन लक्ष्य राखिएकामा २५, सानन क्रसका ३३ पाठापाठी उत्पादन लक्ष्य राखिएकामा ६६ पाठापाठी उत्पादन भएको थियो।

बाख्राको अनुसन्धानका लागि केन्द्रले विभिन्न ठाउँमा स्रोत केन्द्र स्थापना गरेको छ। केन्द्रका अनुसार जिल्लाको भानु नगरपालिकास्थित बरभञ्ज्याङ, आँबुखैरेनी गाउँपालिकास्थित बरादी, घिरिङ, गोरखाको बक्राङ, स्याङ्जाको पेखुथाना र धादिङको नीलकण्ठमा बाह्य अनुसन्धान केन्द्र स्थापना भएका छन्। त्यसमध्ये बरभञ्ज्याङमा एक सय ५५, बक्राङ गोरखामा १३, बरादी तनहुँमा एक सय ९३, पेखुथाना स्याङ्जामा दुई सय ३२, घिरिङ तनहुँमा ७७, नीलकण्ठ धादिङमा ६३ र निजगढ बारामा ४३ बोरक्रसका पाठापाठी उत्पादन भएको छ।



शालिग्रामः
पर्वत, स्याङ्जा र गुल्मीको सङ्गमस्थल पर्वतको विहादी गाउँपालिका ६ सेतीवेणीस्थित कालीगण्डकी नदी किनारमा अवस्थित विश्वकै ठुलो ठानिएको शालिग्राम शिला पूजाअर्चना गर्दै भक्तजन। कालीगण्डकी नदी र सेतीखोलामा पानीको बहाब घटेसँगै शिला दर्शनका लागि आउने भक्तजनहरुको संख्या बढ्दै जान थालेको छ। तस्बिर : लक्ष्मीप्रसाद सापकोटा/रासस

# धार्मिक पर्यटकका लागि तीन करोडको लगातमा आश्रम भवन

**पोखरापत्र संवाददाता**
पर्वत, २ कार्तिक

पर्वतको महाशिला गाउँपालिका-५ लुंखुदेउरालीस्थित प्रसिद्ध धार्मिक एवम् पर्यटकीय स्थल महाशिला क्षेत्रमा आउने धार्मिक पर्यटकलाई लक्षित गरी आश्रम भवन निर्माण गरिएको छ। संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको सहयोगमा रु तीन करोड २० लाख लागतमा भवन निर्माण गरिएको हो।

विसं २०७८ भदौदेखि निर्माण सुरु भएको भवन हालै सम्पन्न भएको हो। तीन तला भएको पक्की भवनमा १७ वटा कोठा रहेका छन्। जसमा तालिम, गोष्ठि तथा सेमिनारका लागि हल, योग तथा साधना गर्नेका लागि समेत कोठा निर्माण गरिएको जनाइएको छ। महाशिलाको दर्शन तथा अध्ययन, अवलोकनका लागि स्वदेश तथा विदेशबाट आउने



पर्यटकको सुविधाका लागि भवन निर्माण गरिएको महाशिला धार्मिक तथा पर्यटकीय विकास संस्थाका अध्यक्ष पुष्पराज पौडेलले बताउनुभयो। आश्रम भवनको सबैजसो काम सकिएको जनाइएको छ।

चालु आर्थिक वर्षमै भवनबाट सेवा सञ्चालनका लागि रु एक करोड ५० लाख बजेट बिनियोजन भइसकेको जनाइएको छ। भवनमा एकपटक ५० जनाभन्दा व्यक्ति बस्न सक्ने अध्यक्ष पौडेलले जानकारी दिनुभयो। आश्रम आउने पर्यटकलाई निःशुल्क बस्ने र खाने सुविधा उपलब्ध गराइनेछ। लुंखुदेउरालीमा पक्की मोटरबाटोको सुविधा पुगेकाले पनि पोखरा, स्याङजा, गुल्मी, बुटवल, पाल्पालगायतका स्थानबाट पछिल्लो समय पर्यटक आउने क्रम बढेको स्थानीय सरस्वती अधिकारीले बताउनुभयो। महाशिला हिँडेर एक पटक परिक्रमा गर्दा १० मिनेटभन्दा बढी समय लाग्ने उहाँले बताउनुभयो। यहाँ एकादशी, बालाचतुर्दशी, शिवरात्रि, रामनवमी, अक्षयतृतीयालगायतका अवसरमा मेला लाग्ने गर्दछ। महाशिला गाउँपालिकाको नामाकरण पनि यही शिलाको नामबाट नामाकरण गरिएको हो। एक सय ३० मिटर अग्लो शिला झण्डै दश रोपनी क्षेत्रफलमा फैलिएको छ। शिला परिसरमा विभिन्न संरचना निर्माणका लागि स्थानीयले निःशुल्क जग्गा समेत दान गरेका छन्। अहिले शिलाको स्वामित्वमा झण्डै २० रोपनी क्षेत्रफल रहेको अध्यक्ष पुष्पराज पौडेलले बताउनुभयो। महाशिला गाउँपालिकाले यसको विकासका लागि रु ७० करोड रुपैयाको गुरुयोजना समेत बनाएको छ। गुरुयोजना अनुसार कामहरु अघि बढाउँदै लगिएको गाउँपालिकाका अध्यक्ष इश्वरीप्रसाद भुसालले बताउनुभयो।

# टि-२० मा नेपालद्वारा अमेरिका पराजित

**रासस**
काठमाडौं, २ कार्तिक

नेपालले पहिलो टि-२० मा अमेरिकालाई पराजित गरेको छ। डालसस्थित ग्राण्डप्रेरी रङ्गशालामा भएको खेलमा नेपाल १७ रनले विजयी भएको हो। एक सय ६५ रनको लक्ष्य पछ्याएको अमेरिका निर्धारित २० ओभरमा सात विकेट गुमाएर एक सय ४७ रनमा समेटिएको थियो।

अमेरिकाका लागि शायन जहानगिरले सर्वाधिक ६० रनको योगदान दिए। उनले ३४ बलमा छ चौका र दई छक्काको सहायाताले ६० रन बनाएका हुन्। आन्द्रेस गौसले ३० रन बनाए भने मिलिन्ड कुमारले २२ र जसदीप सिंहले १६ रन बनाए। कप्तान मोनाङ्क पटेल र आरोन जोन्स तीन-तीन र सैतेजा मुक्कामल्ला दुई रनमा आउट भएका थिए।

नेपालका लागि दीपेन्द्रसिंह ऐरीले तीन विकेट लिए भने करण केसी, रिजन ढकाल र गुल्सन झाले समान एक-एक विकेट लिए। त्यसअघि टस हारेर ब्याटिङ गरेको नेपालले निर्धारित २० ओभरमा नौ विकेट गुमाउदै एक सय ६४ रनको योगफल बनाएको थियो। कप्तान रोहित पौडेलले सर्वाधिक ४९ रनको योगदान दिए। उनले ३३ बलमा चार चौका र एक छक्कासहित सर्वाधिक ४९ रन बनाएका हुन्। अर्का खेलाडी दीपेन्द्रले १७ बलमा दुई चौका र एक छक्कासहित २८ रन बनाए। आसिफ शेख र अनिल साहले समान २७-२७ रन बनाए भने गुल्सन झाले ११ तथा कुशल भुर्तेलले १० रन जोडेका थिए।

अमेरिकाका हरम्रीत सिंह, सौरभ नेत्रवालकर र जसदीप सिंहले समान दुई विकेट लिए भने अली खान र नोष्थुश केङ्जिगेले एक-एक विकेट लिए। अमेरिका र नेपालबीच तीन ट्वान्टी २० खेल आयोजना हुनेछन्। त्यसपछि दुवै टोली आइसिसी पुरुष क्रिकेट विश्वकप लिग-२ मा सहभागी हुनेछन्।

# साफ महिला फुटबलमा नेपाल र भुटानबीचको खेल बराबरी

**रासस**
काठमाडौं, २ कार्तिक

राजधानीमा जारी दक्षिण एसियाली फुटबल महासङ्घ (साफ) महिला फुटबल च्याम्पियनसिपअन्तर्गत नेपाल र भुटानबीचको खेल गोलरहित बराबरीमा टुङ्गिएको छ।

त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा शुक्रबार नेपाल र भुटानले गोलरहित बराबरी खेल्दै एक/एक अङ्क बाँडेका हुन्। साफ च्याम्पियनसिपको इतिहासमा नेपाल पहिलोपटक भुटानसँग गोलरहित बराबरीमा रोकिन पुगेको हो।

खेलको अधिकांश समय बल नियन्त्रणमा राखे पनि नेपालले गोल गर्न भने सकेन्। समूह 'बी'अन्तर्गत भएको पहिलो खेलमा श्रीलङ्काले माल्दिभ्सलाई १-० गोलअन्तरले हराएको थियो। यस नतिजासँगै समूह 'बी'बाट श्रीलङ्का तीन अङ्कका साथ शीर्ष स्थानमा छ। नेपाल र भुटान एक/एक अङ्कका साथ दोस्रो स्थानमा छन्।

# घोडेपानीमा आन्तरिक पर्यटकलाई छुट

**पोखरापत्र संवाददाता**
म्याग्दी, २ कार्तिक

म्याग्दीको अन्नपूर्ण गाउँपालिका-६ मा पर्ने पर्यटकीयस्थल घोडेपानीका होटल व्यवसायीले आन्तरिक पर्यटकलाई छुट दिन थालेका छन्। घोडेपानी टोल सुधार समिति, होटल व्यवस्थापन र पर्यटन व्यवस्थापन उपसमितिको बिहीबार बसेको संयुक्त बैठकले दसैं, तिहार, छठलगायत चाडपर्वको समयमा घुम्न आउने आन्तरिक पर्यटकलाई १० प्रतिशत छुट दिने निर्णय गरेको हो।

घोडेपानी टोल सुधार समितिका उपाध्यक्ष जुली ठकुरी पुनले नेपाली पर्यटकले बिहीबारदेखि नै लागू हुनेगरी कुल बिलमा १० प्रतिशतका दरले छुट सुविधा पाउने जानकारी दिनुभयो। "आन्तरिक पर्यटनको प्रवर्द्धनका लागि यहाँका सबै होटलले छुट दिने निर्णय गरेका हौँ", उहाँले भन्नुभयो, "चाडपर्वको समयमा घुम्न आउन पाहुनाले घोडेपानीका सबै होटलमा छुट सुविधा पाउनेछन्।" घोप्टेखर्कमा



पहिरोले अवरुद्ध बनाएको सडक मर्मत गरेर पोखरेबगर-घोडेपानी सडकमा जिप र मोटरसाइकल सञ्चालन गर्न मिल्ने बनाएको पुनले बताउनुभयो। सवार साधनका अलावा कास्कीको उल्लेरी, घान्द्रुक, म्याग्दीको मोहरेडाँडा, पर्वतको भुकदेउराली हुँदै पैदलयात्रा गरेर घोडेपानी पुग्न सकिन्छ।

समुद्री सतहबाट दुई हजार आठ सय मिटर उचाइमा अवस्थित घोडेपानीमा रहेका २६ वटा सानाठूला सुविधायुक्त होटलमा दैनिक एक हजार दुई सय जना पाहुना बास बस्ने क्षमता रहेको छ। प्याकेजमा प्रतिव्यक्ति रु एक हजार पाँच सयदेखि पाँच हजारसम्मका सुविधायुक्त कोठामा बास बस्न सकिन्छ। हिमाल, पहाडी भूगोल, सूर्योदय र गुराँसको जङ्गल अवलोकनका लागि म्याग्दीको अन्नपूर्ण गाउँपालिका-६ मा रहेको घोडेपानी पुनहिल क्षेत्र उपयुक्त गन्तव्य हो।

समुद्री सतहबाट तीन हजार दुई सय १० मिटर उचाइमा अवस्थित पुनहिल चक्रीय अन्नपूर्ण पदमार्गको उत्कृष्ट पर्यटकीय गन्तव्यका रूपमा परिचित छ। पुनहिलबाट हिमशृङ्खला र सूर्योदयको सुन्दर दृश्यको अवलोकन गर्न पाइन्छ। यहाँबाट धवलागिरि र अन्नपूर्ण हिमशृङ्खलाका दर्जन बढी हिमाल र दर्जनौं हिमचुचुरालाई नजिकबाट अवलोकन गर्न सकिन्छ। मनोरम प्राकृतिक दृश्यको अवलोकन, उच्च हिमाली भूगोल, शान्त र मनोरम वातावरणका कारण पर्यटकले घोडेपानी पुनहिल क्षेत्रलाई आफ्नो रोजाइमा राख्ने गरेका हुन्।

पुनहिलको फेदीमा रहेको घोडेपानीका होटलका कोठा र डाइनिङ हलबाटै गुराँसको जङ्गलको पृष्ठभूमिमा हिमाल अवलोकन गर्न सकिन्छ।

घोडेपानीमा बास बसेका पर्यटक एकाबिहानै करिब ४० मिनेट उकालो हिँडेर पुनहिलमा दृश्यावलोकन गर्न पुग्छन्। घोडेपानी पुनहिल अन्नपूर्ण चक्रीय पदमार्गमा आउने पर्यटकको रोजाइमा पर्ने गरेको पर्यटन व्यवसायीहरूले बताएका छन्। गण्डकी प्रदेशको राजधानी पोखराबाट नयाँ पुल, उल्लेरी भएर एकैदिन र घान्द्रुक भएर दुई दिनमा घोडेपानी पुग्न सकिन्छ। म्याग्दीको सदरमुकाम बेनीबाट अन्नपूर्ण गाउँपालिकाको पोखरेबगर हुँदै गाडी चढेर तीन घण्टामा घोडेपानी पुगिन्छ।


**हार्दिक समवेदना**



जन्मः
वि.सं. १९९७/04/02

स्वर्गारोहण :
वि.सं. २०८१/06/२१

**स्व. धनकुमारी सुनार**

रुपा गाउँपालिका -७, हंसपुर घर भई हाल पोखरा -१२, भृकुटीटोल स्थायी बसोबास गर्दै आउनुभएकी यस भृकुटी टोल आमा समूहकी सदस्य **स्व. धनकुमारी सुनार**को ८४ वर्षको उमेरमा भएको अकल्पनीय एवम् असामयिक दुःखद निधनले हामीलाई मर्माहत बनाएको छ। उहाँको स्वर्गारोहणको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनमा गहिरो समवेदना प्रकट गर्दछौं।

**भृकुटी टोल आमा समूह**
पोखरा-१२, भृकुटी टोल